# मालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
अर्थखोला, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या:-२०८१/०८२
चलानी नं.-

मिति:-२०८१/०७/२०
ने.स.:-११४५ कछलाथ्व

## नि:शुल्क जग्गा प्राप्ति सम्बन्धि सुचना !
## प्रकाशित मिति २०८१।०७।२० गते

प्रस्तुत विषयमा यस गाउँपालिकाको वडा नं. ६ अर्जेवेंशी कुमालगाउँ सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण गर्नका लागि यस गाउँपालिकाको मिति २०८१/०७/०५ गतेको कार्यपालिका वैठकको सामुदायिक स्वास्थ्य इकाईको भवन निर्माणको लागि नि:शुल्क जग्गा प्राप्त गर्ने निर्णय भएको हुदाँ तपशिलमा उल्लेखित शर्त वमोजिम निशुल्क जग्गा उपलव्ध गराउन इच्छुक व्यक्ति तथा संघ संस्थाहरुले प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा आफूले उपलव्ध गराउन चाहेको जग्गाको चारकिल्ला, क्षेत्रफल, अवस्थिति र प्रकृति लगायतको विवरण सहित रितपूर्वक शिलवन्दी दरखास्त मालिका गा.पा. ६ नं. वडा कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

शर्तहरु:-

१. नि:शुल्क रुपमा उपलव्ध गराईने जग्गाको क्षेत्रफल कम्तिमा ३ रोपनि हुनुपर्नेछ ।
२. हालको अर्जैवेंशी कुमालगाउँ सामुदायिक स्वास्थ इकाईको कार्यालयवाट ३०० मिटर भित्रको जग्गा हुनुपर्ने।
३. एक वा एक भन्दा बढी जग्गादाताहरुले साँध सीमाना मिलाएर जग्गा उपलव्ध गराउन सकिनेछ।
४. खोला तथा जोखिम क्षेत्र नभएको, खानेपानी एंव विद्युत सेवा विस्तार भएको वा गर्न सकिने जग्गा।
५. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु:-
   क.जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि        ख. नागरिकता प्रमाणपत्रको प्रतिलिपि
   ग. नक्साको प्रतिलिपि        घ. चालु आ.व. को मालपोत तिरेको रसिदको प्रतिलिपि.
६. निशुल्क उपलव्ध गराउने गरी दरखास्त पेश हुन आएका जग्गाहरु मध्ये कुन जग्गा प्राप्ति गर्ने हो, सो सम्वन्धमा गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ।
७. यस सम्वन्धमा थप जानकारीको लागि कार्यालय समय भित्र कार्यालयमा सम्पर्क गर्नुहुन वा ९८५७०६७९०६ मा सम्पर्क गरी आवश्यक जानकारी लिन सकिनेछ।

..............................
कमल बहादुर क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

वेव साईट www.malikamungulmi.gov.np ईमेल malikagaupalika@gmail.com फोन ०७९-६२००७५ ☎ ९८५७०६७९०६